# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, चैत ३ गते २०४८ साल (संख्या ४८

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले अन्तःशुल्क ऐन, २०१५ को दफा १८ को उपदफा (२) बमोजिम द टिम्बर कर्पोरेशन अफ नेपाल लि. का मिल भएका डिपोहरूमा रहेका हैसियत खराब भै सकेका पुराना चिरान काठहरू लिलाम बढाबढ गरी बिक्री गर्दा लिलाम मूल्यको १० % रकम सम्म प्रति क्यू. फि. अन्तःशुल्क लिई प्रचलित दरबाट बाँकी रहने अन्तःशुल्क रकम मिन्हा दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले कर फछ्र्यौट आयोग ऐन, २०३३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४० संख्या ३४ मिति २०४७।८।२४ नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना बमोजिम गठित कर फछ्र्यौट आयोगको कार्य-क्षेत्र आय वर्ष २०४६।०४७ सम्मको आयकर निर्धारण गर्ने रहेकोमा आय वर्ष २०४७।०४८ सम्मको आयकर निर्धारण गर्ने गरी कार्यक्षेत्र थप गरिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६०

## सूचना ३

श्री ५ को सरकारले मिति २०४८।१०।१३ को निर्णय अनुसार बिक्रीकर प्रशासनको लागि छुट्टै बिक्रीकर विभाग स्थापना गरी निम्न स्थानहरूमा बिक्रीकर कार्यालय समेत खोल्ने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(१) बिक्रीकर कार्यालय, काठमाडौं ।
(२) बिक्रीकर कार्यालय, जीतपुर (पर्सा) ।
(३) बिक्रीकर कार्यालय, दुहवी ।
(४) बिक्रीकर कार्यालय, जनकपुर ।
(५) बिक्रीकर कार्यालय, हेटौंडा ।
(६) बिक्रीकर कार्यालय, बुटवल ।
(७) बिक्रीकर कार्यालय, नेपालगञ्ज ।

## सूचना ४

श्री ५ को सरकारले आयकर ऐन, २०३१ को दफा १७ ले दिएको अधिकार प्रयोग गरी तेश्रो मुलुकसँग आयात निर्यातको कारोवार गर्ने करदाताहरूको खूद आय निर्धारण गर्ने तरीका तोकी मिति २०४०।८।१९ गतेको राजपत्रमा प्रकाशित गरेको यस मन्त्रालयको सूचनाको द्रष्टव्य नं. ३ पछि देहायको द्रष्टव्य नं. ४ थप गरेको छ ।

"(४) यो सूचनामा उल्लिखित आयात निर्यात कारोवारको खूद आय निर्धारण गर्दा भन्सार महसुल लगाउने प्रयोजनको लागि कायम गरिएको मूल्यको आधार लिइनेछ ।"

आज्ञाले,
ठाकुरनाथ पन्त
श्री ५ को सरकारको सचिव

## सूचना ५

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी परराष्ट्र मन्त्रालयले विदेशबाट त्रिभुवन विमानस्थल भन्सारको बाटो गरी पैठारी गर्ने १०,००० (दश-हजार) थान साधारण राहदानी र वीरगञ्ज भन्सारको बाटो गरी पैठारी गर्ने २,००,४५० (दुई लाख चार सय पचास) थान विभिन्न किसिमका राहदानी र सो को प्लाष्टिक खोलमा लाग्ने भन्सार महसुल र बिक्रीकर पूर्णरूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उप-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।